आज मिति २०८३/०१/११ गते शुक्रवारका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादव ज्यूको अध्यक्षता तथा नगरकार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा तपसिल वमोजिमको प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्न नगरकार्यपालिकाको वैठक वसियो ।

## उपस्थिती

| | |
|---|---|
| नगर प्रमुख | श्री श्रवण कुमार यादव |
| उप प्रमुख | श्री जिबछी देवी साह |
| वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो |
| वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ |
| वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव |
| वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह |
| वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह |
| वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ |
| वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही |
| वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव |
| वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल |
| वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह |
| का.बा.वडा अध्यक्ष वडा नं.११ | श्री मनिकलाल यादव |
| वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव |
| मनोनित सदस्य | श्री विनोद प्रसाद महतो |
| मनोनित सदस्य | श्री दिपेश कुमार सिंह |
| महिला मनोनित सदस्य | श्री जरिना खातुन |
| महिला मनोनित सदस्य | श्री अनिता देवी कापैर |
| महिला मनोनित सदस्य | श्री आशा कुमारी यादव |
| महिला मनोनित सदस्य | श्री निर्मला विश्वकर्मा |
| महिला मनोनित सदस्य | श्री नरधिमा लामा |
| प्रमुख प्रशासकीय अधिकृत | श्री केशव प्रसाद रिजाल (सचिव) |
| सहयोगी (अभियन्ता) | श्री मित कुमार साह |

**प्रस्तावहरु**

१.प्रोत्साहन रकम उपलब्ध गराउने सम्वन्धमा ।

२.रेमि परियोजनाको दोस्रो फेज विस्तार सम्वन्धमा ।

३.घ वर्ग निर्माण व्यवसायी इजाज्त पत्र सम्वन्धमा ।

४.विद्यालयको विद्युत महशुल सम्वन्धमा ।

५.कार्यविधि स्वीकृती गर्ने सम्वन्धमा ।

६.आधारभूत तह कक्षा ८ उतीर्ण परीक्षाको पुरक परीक्षा सञ्चालन सम्बन्धमा ।

७. माध्यमिक विद्यालयका विद्यार्थीहरुको लागि कोचिङ्ग कक्षा सञ्चालन सम्बन्धमा ।

८. विद्यालय भवन निर्माण सम्वन्धमा ।

९.योजना संचालन सम्वन्धमा ।

१०.विद्यालयहरुका लागि अनुदान सम्वन्धमा ।

११.विविध ।

**निर्णयहरु**

**१ प्रस्ताव नं.१ माथि छलफल गर्दा** इलाका प्रहरी कार्यालय,मिर्चैया,सिराहाको च.न.२७२ मिति २०८३/०१/०९ गतेको पत्र र सशस्त्र प्रहरी बल,नेपाल सुरक्षा बेश,मिर्चैयाको च.न.९५ मिति २०८३/०१/०३ गतेको पत्रवाट मिर्चैया नगरपालिकाभित्रको खोलाहरुवाट अवैध उत्खन्न गर्ने माथि कारवाहीको लागि यस नगरपालिकामा कारवाहीको लागि पठाइएको सवारी साधनको जरिवाना गरिएकोमा सोको प्रोत्साहन वापत रकम उपलब्ध गराइदिन माग भइ आएकोले आ.ब.२०८२/०८३ को हालसम्म उक्त जरिवाना वापतको रकम मध्ये ३० प्रतिशत रकम उपलब्ध गराउने निर्णय गरियो । साथै अव उप्रान्त जरिवना रकमको ३० प्रतिशत रकम तत्काल उपलब्ध गराई सोको अभिलेख राख्ने निर्णय गरियो ।

**२ प्रस्ताव नं.२ माथि छलफल गर्दा** वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिहरुको पुन : एकीकरण (रेमी) परियोजनाको प्रथम फेज आ.ब.२०७९/०८० देखी संचालन हुदै आएकोमा २०८३/०८४ देखी लागु हुने गरी दोस्रो फेज विस्तार गर्ने निर्णय गरियो ।

**३.प्रस्ताव नं.३ माथि छलफल गर्दा** मिर्चैया नगरपालिकाको (घ) वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि,२०८० वमोजिम देहाय वमोजिमको फर्म/कम्पनिहरु यस नगरपालिकामा दर्ताको लागि आवश्यक कागजात सहित निवेदन पेश हुन आएकोले इजाज्त पत्रको लागि स्वीकृती दिने निर्णय गरियो ।

तपसिल

| सि.न. | संस्थाको नाम | ठेगाना | संचालकको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | ओम श्री निर्माण सेवा | मिर्चैया न.पा.६ | श्रवण कुमार वालमपाकी | |
| २ | बिन्देश्वर निर्माण सेवा प्रा.लि. | मिर्चैया न.पा.१२ | अरविन्द सहनी | |
| ३ | कृष्ण प्रविण निर्माण सेवा प्रा.लि. | मिर्चैया न.पा.५ | पार्वति कुमारी साह | |

**४.प्रस्ताव नं.४ माथि छलफल गर्दा** श्री आधारभूत विद्यालयको च.न.३९ मिति २०८३/०१/०७ गतेको र राघोपुर मा.बि.को च.न.६० मिति २०८३/०१/०७ गतेको पत्रवाट उक्त विद्यालयको विद्युत महसुल लामो समयदेखी नबुझाउदा उक्त विद्यालयहरुको विद्युत मिटर कालो सूचिमा परेकोले हालसम्मको विल वमोजिमको वाँकी महसुल एक पटकको लागि यस नगरपालिकावाट बुझाउने निर्णय गरियो ।

**५.प्रस्ताव नं.५ माथि छलफल गर्दा** यस नगरपालिकाको लागि आवश्यक तपसिल वमोजिमको कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

क) शैक्षिक गुठी दर्ता सम्बन्धि कार्यविधि २०८३

ख) स्वरोजगार तथा उद्यमशिलता प्रबर्द्धनका लागि आवश्यक प्रविधि सहयोग संचालन कार्यविधि,२०८३

ग) मिर्चैया नगरपालिकाको आर्थीक सहायता सम्बन्धी कार्यविधि ,२०८३

**६.प्रस्ताव नं. ६ माथि छलफल गर्दा** यस मिर्चैया नगरपालिकाको आधारभूत तह कक्षा ८ उतीर्ण परीक्षा-२०८२ मा अनुतिर्ण भएका सम्पुर्ण विद्यार्थीहरुलाई पुरक परीक्षामा सहभागी गराउने निर्णय पारित गरियो ।

**७.प्रस्ताव नं. ७ माथि छलफल गर्दा** यस मिर्चैया नगरपालिका भित्र सञ्चालित सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थीहरुको लागि कोचिङ्ग कक्षा सञ्चालन बापत विद्यार्थी अनुपातमा रकम निकासा दिने निर्णय गरियो ।

**८.प्रस्ताव नं.८ माथि छलफल गर्दा** आ.व.२०८२।०८३ को संघिय ससर्त अनुदान र यस न.पा.को समेत लागत साझेदारीमा यस मिर्चैया नगरपालिकाको वडा नं. ३ मा सञ्चालित श्री माध्यमिक विद्यालय राघोपुरमा भवन निर्माण गर्ने E-bid सम्बन्धि सूचना मिति २०८३।०१।११ गतेको गोरखापत्रमा प्रकाशन भएको जानकारी भई सो विषयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

CamScanner

**९ प्रस्ताव नं.९ माथि छलफल गर्दा** सार्वजनिक खरिद ऐन,२०६३, नियमावली,२०६४ र अन्य कानुन वमोजिम योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

**१०.प्रस्ताव नं.१० माथि छलफल गर्दा** यस मिर्चैया नगरपालिका अन्तर्गत संचालित शिक्षक दरवन्दी नभएको वा कम भएका र विद्यार्थी संख्या बढि भएका सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरुलाई शिक्षण सिकाइका लागि अनुदान उपलब्ध गराउने निर्णय गरियो ।